प्रदेश सरकार
प्रदेश नं ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल

# अस्पताल विकास समितिको अध्यक्ष तथा महिला सदस्यको सूची (Roster) तयारीको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशन मिति २०७६।०७।५)**

प्रदेश सरकारबाट स्वीकृत अस्पताल गठन आदेश बमोजिम प्रदेश मातहतका अस्पतालको अस्पताल विकास समितिको अध्यक्ष तथा सदस्य नियुक्त हुन योग्यता पुगेका व्यक्तिहरुको अभिलेख तयार पार्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ। यस प्रयोजनका लागि देहायका अस्पतालमा प्रदेश सरकारबाट मनोनित हुने अध्यक्ष वा सदस्य पदमा काम गर्न ईच्छुक व्यक्तिहरुले निम्नानुसारको विवरणसहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफैं उपस्थित भई वा हुलाक तथा मन्त्रालयको ईमेल ठेगानामा आईपुग्ने गरी निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| अस्पताल विकास समितिहरु | रिक्त रहेको पद |
|---|---|
| (१) राप्ती प्रादेशिक अस्पताल, तुल्सीपुर (२) भीम अस्पताल, भैरहवा (३) कपिलवस्तु अस्पताल, तौलिहवा (४) पाल्पा अस्पताल, तानसेन (५) पाल्पा अस्पताल, रामपुर (६) गुल्मी अस्पताल, तम्घास (७) अर्घाखाँची अस्पताल, सन्धिखर्क (८) प्यूठान अस्पताल, बिजुवार (९) रोल्पा अस्पताल, रोल्पा (१०) रुकुम पूर्व अस्पताल, रुकुम पूर्व (११) बर्दिया अस्पताल, गुलरिया | हरेकमा अध्यक्ष-१, महिला सदस्य-१ |
| पृथ्वी चन्द्र अस्पताल, रामग्राम, नवलपरासी | महिला सदस्य-१ |

१. अध्यक्ष पदको लागि स्नातक तह उत्तीर्ण गरी स्वास्थ्य सेवा वा अन्य सरकारी सेवामा १० बर्ष वा अस्पताल व्यवस्थापन वा अन्य व्यवस्थापनको क्षेत्रमा कम्तिमा ५ बर्ष सेवा गरेको हुनुपर्नेछ।
२. महिला सदस्यको लागि लब्ध प्रतिष्ठित महिलाहरुले आवेदन दिन सक्नेछन्।
३. आफू अध्यक्ष वा सदस्य हुन चाहेको अस्पतालको नाम खुलेको निवेदन पेश गर्नुपर्नेछ।
४. शैक्षिक योग्यता तथा अनुभव खुलेको विवरण (Bio Data) समावेश गर्नुपर्नेछ।
५. छनौट सम्बन्धी अन्तिम निर्णय गर्ने वा नगर्ने अधिकार प्रदेश सरकारसंग निहित रहनेछ।
६. अस्पतालहरुको गठन आदेश मन्त्रालयको वेवसाईट mosd.p5.gov.np बाट प्राप्त गर्न सकिनेछ।
७. अध्यक्षका लागि निवेदन दिन इच्छुक व्यक्तिले आफूले ईच्छाएको अस्पतालको सुधारका लागि गर्ने ठोस योजना समेत संक्षिप्त रुपमा पेश गर्नु पर्नेछ।
८. निवेदन तथा व्यक्तिगत विवरण (Bio-Data) मन्त्रालयको इमेल ठेगाना mosdfive@gmail.com मा पठाई दर्ता गर्न सकिनेछ।
९. अन्य थप जानकारीको लागि मन्त्रालयको फोन नम्वर ०७१-५५०६५०, ०७१-५५०६४६ मा सम्पर्क गर्न सकिनेछ।